नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# जिल्ला आयोजना कार्यान्वयन इकाई(भवन)

थापाथलि, काठमाडौं
प्रदेश ३, नेपाल

## घुम्ती डकर्मीको सेवा करारमा लिने सम्बन्धी सूचना

(पुन: प्रकाशित मितिः २०७६/ ०८ /१४ )

यस जिल्ला आयोजना कार्यान्वनय इकाई (भवन) का लागि तपसिलका न.पा. मा रहने गरी **घुम्ती डकर्मी पदको** रुपमा देहायको संख्या र योग्यता भएको घुम्ती डकर्मि (mobile Mason) सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना पुन: प्रकाशित भएको मितिले ७ (सात) दिन **(मिति २०७६।०८।२० गते) सम्म** कार्यालय समय भित्र दरखास्त दिन हुन सम्वन्धित सबैको लागि यो सुचना प्रकाशित गरीएको छ । यसको दरखास्त फाराम कार्य- विवरण पारिश्रमिक सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

| पदको नाम | स्थानिय तहको नाम | घुम्ति डकर्मी माग संख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | महिला | खुल्ला |
| घुम्ति डकर्मी | बुढानिलकण्ठ नगरपालिका | १२ | २ | १0 |
| | चन्दागिरी नगरपालिका | ९ | २ | ७ |
| | दक्षिणकाली नगरपालिका | ९ | २ | ७ |
| | कागेश्वरी मनहरा नगरपालिका | १ | - | १ |
| | काठमाण्डौं महानगरपालिका | ७ | २ | ५ |
| | कीर्तिपुर नगरपालिका | २ | | २ |
| | नागार्जुन नगरपालिका | ४ | १ | ३ |
| | शङ्खरापुर नगरपालिका | ४ | १ | ३ |
| | तारकेश्वर नगरपालिका | ३ | १ | २ |
| | टोखा नगरपालिका | ३ | १ | २ |
| | जम्मा | ५४ | १२ | ४२ |

**क.आवश्यक शैक्षिक योग्यता र अनुभव**

१. नेपाली नागरिक।
२.सामान्य लेखपढ गर्न जान्ने र न्यूनतम ७ दिनको कालिगढ तालिम (Mason training) प्राप्त वा On the job training प्राप्त गरेको।
३.१८ वर्ष उमेर पुरा भई ५० वर्ष ननाघेको हुनुपर्ने।
४. सम्बन्धित कामको अनुभव प्राप्त उम्मेदवारलाई प्राथमीकता दिइने छ।
५.अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको।

**ख. दरखास्तसाथ संलग्न गर्नुपर्ने :-** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, तालिम अनुभव को प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वंयले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

**ग. १.दरखास्त दिन चाहेको स्थानिय तहका लागि अलग- अलग दरखास्त फाराम पेश गर्नु पर्नेछ।**

२.अन्य जानकारी चाहिएमा यस इकाईमा कार्यालय समयमा सम्पर्क गर्न तथा कार्यलयको फोन नं.०१४२६२८३५ मा सम्पर्क राख्न सकिनेछ ।

आयोजना प्रमुख
आयोजना प्रमुख